## मिति २०७६।०८।१२ गतेको ६७ औं कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं.१ :** यस नगरपालिकाको राजश्व संकललाई आफ प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयले अभियानको रुपमा प्रभावकारी ढंगबाट व्यवसाय कर तथा घर बहाल कर संकलन गर्ने ।

**निर्णय नं.२ :** यस नगरपालिकाको राजश्व परामर्श समितिबाट निर्णय भई सिफारिस भए बमोजिम सम्पत्तिकर व्यवस्थापन कार्यविधि, २०७६ मा संशोधन गर्ने ।

**निर्णय नं.३ :** यस कार्यपालिकाको मिति ०७६ श्रावण दुई गतेको निर्णयानुसार विभिन्न छब्बीस वटा योजनाहरुको म्याद थप गरिएकोमा वडा नं.८,९ र ११ का निम्न योजनाहरुको म्याद थप छुट हुन गएको र तत् तत् वडा समितिबाट सिफारिस भए अनुसार उक्त योजनाहरुको म्याद मंसीर मसान्त सम्म थप गरी गत वर्षको क्रमागत योजनातर्फ विनियोजित शिर्षक वा वडा तर्फ विनियोजित बजेटवाट भुक्तानी दिने तथा दिईएको भुक्तानी समर्थन गर्ने ।

निम्न :

(१) वडा नम्बर ८ को विभिन्न स्थानमा ग्राभेल गर्ने कार्य : तीन लाख रुपैया ।

(२) वडा नम्बर ९ को सत्यनारायण मन्दिर दक्षिण कालिमाटी जाने बाटो निर्माण : ४ लाख रुपैया ।

(३) वडा नम्बर ११ को ब्युरेनी शान्तिपुर झुप्रा खानेपानी योजना रु. १ लाख ५० हजार

**निर्णय नं.४ :** क) यस नगरपालिकामा विगत लामो समयदेखि करार सेवामा पुर्णकालीन कार्यरत तपसिलका कर्मचारीहरुको २०७६ मंसीरदेखि लागुहुने गरी निजहरु कार्यरत तह र पदको लागि तोकिएको न्युनतम तलवमान बराबरको रकम चालु आर्थिक वर्षमा कर्मचारी तलव शीर्षकमा विनियोजित बजेटवाट व्ययभार पर्नेगरी भुक्तानी गर्ने,

- असिस्टेन्ट सव ईन्जिनियर, चौथो तह श्री दीपक ढकाल,
- हलुका सवारी चालक श्री चन्द्र बहादुर थापा ,
- हलुका सवारी चालक श्री पवन गौतम ।

ख) यस नगरपालिकामा विभिन्न समयमा नियुक्त सबै प्रकारका सामाजिक परिचालकहरुको मासिक तलब २०७६ साल श्रावण देखी लागुहुने गरी मासिक रु.१५०००।– (पन्ध्र हजार मात्र ।) कायम गरी चालु आर्थिक वर्षमा विनियोजित सम्वन्धित बजेट शिर्षकबाट भुक्तानी गर्ने गरी तय गर्ने ।

ग) यस नगरपालिकाका वडा नं. १३, १४, १५ र १६ का दुर्गम भेगहरुमा सञ्चालित योजना अनुगमन तथा अन्य अनुगमनका क्रममा खटिने कर्मचारी तथा पदाधिकारीलाई अब देखि लागुहुने गरी निजको पदले प्रचलित नियमानुसार पाउने एक दिन बराबरको दैनिक भ्रमण खर्च रकम एकमुष्ट (दैनिक भ्रमण बिल भर्नु नपर्ने गरी) उपलब्ध गराउने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६७ मिति २०७६।०८।१२
को निर्णय



Scanned by CamScanner

घ) नगरपालिकाका वडा नम्बर १५ र १६ मा कार्यरत वडा कार्यालय, स्वास्थ्य सास्था, कृषि तथा पशु सेवा केन्द्रमा कार्य गर्ने खटिने कर्मचारीहरुको थप प्रोत्साहन उपलब्ध गराउने र दमकल चालक लगायत केही कर्मचारीले सेवा सुविधा थपको लागि दिएको निवेदन समेत विचार गरी सरोकारवालामाफ छलफल र समन्वय गरि समग्र कर्मचारीको मनोबल उच्च रहने किसिमका व्यवस्थाहरु थप घट गरी कर्मचारी प्रोत्साहन कार्यविधि,२०७६ संशोधनका लागी कार्यपालिका बैठकमा पेश गर्ने यस नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं.५ :** यस नगरपालिकाको शिक्षा शाखाबाट पेश भएको शैक्षिक वर्ष घोषणा प्रस्ताव स्वीकृत गर्ने । साथै नगर शिक्षा समितिको मिति २०७६।८।८ को निर्णयानुसार विभिन्न विद्यालयहरुको सुधारको लागि गरिएको बजेट विनियोजनलाई अनुमोदन गर्ने ।

**निर्णय नं.६ :** नगरपालिकाको सामाजिक विकास समितिबाट निर्णय भई स्वीकृतिका लागि पेश भएको नगरपालिकाको महिला तथा बालबालिका तर्फ विनियोजित बजेटको वार्षिक कार्यक्रम तथा अन्य विषयगत समितिका सिफारिस बमोजिमको कार्यक्रम ९द्यचभबप म्यधल० स्वीकृत गर्ने ।

**निर्णय नं.७ :** नगरपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक, साास्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण रहेका विभिन्न स्थलहरु जस्तैः देउती बज्यै, काक्रेविहार, भेरी शवदाह स्थल लगायतका क्षेत्रहरुको व्यवस्थापन गर्ने गरि विभिन्न सरोकारवालासाग समन्वय गरी कार्यविधिको मस्यौदा तयार गर्न कार्यालयलाई जिम्मेवारी दिने ।

**निर्णय नं.८ :** यस नगरपालिकाका निम्न स्थानहरुमा झोलुंगे पुलको आवश्यकता परेको हुादा उक्त पुलहरु यस नगरपालिकाको लागत साझेदारीमा म्याचिङ फण्डतर्फ विनियोजित बजेटबाट खर्च व्यहोर्ने गरी निर्माण गरिदिन प्रदेश सरकार तथा संघीय सरकारका सम्बन्धित निकायमा पत्राचार अनुरोध गर्नेः

क) वडा नम्बर ९ को टुनिनारा खोलामा कोपिला मा.वि.पर्सेनि र सिर्जनशिल टोल जोड्ने,

ख) वडा नं. ८ र १२ जोड्ने विद्याज्योति विद्यालय नजिक इत्राम खोला,

ग) वडा नं. २ को घोल्घोले खोलामा रागसपाइला विद्यालय नजिक मुलपानी जोड्ने,

**निर्णय नं.९ :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४९, मिति २०७६।८।८ को राय उपलब्ध गराउने विषयक पत्रको सम्बन्धमा यस नगरपालिकालाई आगामी एक वर्ष भित्रमा बालश्रम मुक्त नगर घोषणा गर्ने र मस्यौदाका बााकी विषयवस्तु उपयुक्त रहेको भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा राय लेखि पठाउने र सो बाल श्रममुक्त नगर घोषणा कार्यक्रम संचालन गर्न आवश्यक परामर्श सहितको तयारी गरी कार्यपालिका बैठकमा पेश गर्न नगरपालिकाको बाल संरक्षण समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं.१० :** यस नगरपालिकाका विभिन्न वडाहरुबाट नयां स्वास्थ्य केन्द्र खोल्न, सेवा थप गर्न, सेवा विस्तार तथा थप जनशक्तिका लागि यस नगरपालिकामा अनुमति माग भएको सर्न्दभमा अघिल्लो बैठकबाट गठित समितिको प्रतिवेदन कार्यपालिका बैठकमा प्राप्त भयो । सो प्रतिवेदनमा उल्लेखित राय सुझाव तथा

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५६ मिति २०७६।०८।१२
को निर्णय प्रमाणित



Scanned by CamScanner

बैठकमा छलफल भए बमोजिम यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा अर्को व्यवस्था नभए सम्मको लागि देहाय बमोजिम गर्ने:

क) साविकमा सञ्चालनमा रहेका बाहेक यस नगरपालिका भित्र नगरपालिकाको व्ययभार हुनेगरि स्थापना हुने नयाा स्वास्थ्य सास्था तथा नयाा थपिने सेवाको हकमा नगरपालिका बाट बजेट विनियोजन गरी आगामी आर्थिक वर्षबाट संचालन गर्ने गरी विभिन्न सरोकारवालासाग वृहत रुपमा छलफल गरी एक कार्यविधि तर्जुमा गर्ने ।

ख) मापदण्ड विपरित तथा कार्यपालिकाको निर्णय विना सञ्चालनमा रहेका सेवा र सास्थाहरु संचालन नगर्ने,

ग) नयाा कार्यविधि तर्जुमा भई लागु नहुने बेला सम्मको लागि स्वास्थ्य सास्था सञ्चालन गर्ने र सेवा प्रवाह गर्ने देहाय बमोजिम हुने गरी नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार वा ज्यालादारीमा कार्यरत जनशक्तिबाट व्यवस्थापन गर्ने कार्यालयलाई जिम्मेवारी दिने,

देहाय :

| स्वास्थ्य संस्था | हे.अ / अ.हे.व | सि.अनमी/ अनमी | का.स | जम्मा |
|---|---|---|---|---|
| रतु, सान्नीलेख, गढी, जर्वुटा, कटकुवा, उत्तरगंगा र लाटीकोईली गरी ७ वटा संस्था | २ | २ | १ | २८ जना |
| सहरी स्वास्थ्य केन्द्र ८ वटा | २ | १ | | २४ जना |
| सवै स्वास्थ्य संस्था १५ वटा | | | | १५ जना |
| जम्मा | | | | ६७ जना |

**निर्णय नं.११:** यस नगरकार्यपालिकाको मिति २०७६।०६।०२ गतेको निर्णय अनुसार मुख्य बजार क्षेत्रमा रहेको साविकको वीरेन्द्र चोक निर्माण छानवीन समितिको प्रतिवेदन बैठकमा प्राप्त भई ग्रहण गरियो । सो प्रतिवेदनबाट औंल्याईएका सुझाव तथा बैठकमा भएको छलफल बमोजिम देहाय बमोजिम गर्ने:

देहाय:

नगरकार्यपालिकाले महत्वको रुपमा लिई निर्णय गरेको उक्त चोकको वीरेन्द्र चौक नाम उल्लेख गर्ने भनी कहीं कतै निर्णय नभई लेखिएकोमा उक्त लेखाईप्रति नगरकार्यपालिकाको असहमति रहेको र पुर्ननिर्माण गर्दा लागत अनुमान स्वीकृति वेगर सम्झौता नगरी सो योजना सञ्चालनमा ल्याईएको पाईएकोले अब उप्रान्त यस्तो हुन नदिन कुनै पनि योजनाहरु सञ्चालन गर्दा नियमानुसार लागत अनुमान स्वीकृती गराई सम्झौता गरेर मात्र कार्य प्रारम्भ गर्ने साथै निर्माण भई सकेको उक्त चोकको प्राविधिक मुल्यांकन लगायतका आवश्यक प्रक्रिया पूरा गरी गत वर्षको क्रमागत योजना शीर्षकवाट रकम भुक्तानी गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ३६ मिति २०७६/०८/१२
को निर्णय प्रमाणित



Scanned by CamScanner